j(


**नेपाल बार एशोसिएशन**
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np


प.सं.

मिति: २०७९ असार ८ गते ।


केन्द्रीय कार्यसमिति
(२०७९-२०८२)

अध्यक्ष
वरिष्ठ अधिवक्ता गोपाल कृष्ण घिमिरे

उपाध्यक्ष
अधिवक्ता हर्क बहादुर रावल
अधिवक्ता वीरेन्द्र के.सी.
अधिवक्ता पशुपति भण्डारी
अधिवक्ता सुरज खत्री
अधिवक्ता तुलाराम गिरी
अधिवक्ता उत्तम प्रसाद आचार्य
अधिवक्ता सुधिर कुमार कर्ण
अधिवक्ता आशा राई

महासचिव
अधिवक्ता अन्जिता खनाल

कोषाध्यक्ष
अधिवक्ता भरत बहादुर राउत

सचिव
अधिवक्ता निर्भयराज पौडेल

सदस्यहरु
अधिवक्ता शर्मिला थापा विष्ट
अधिवक्ता भरत कुमार लकाई
अधिवक्ता देवी प्रसाद कोईराला
अधिवक्ता किरण कुमारी साह
अधिवक्ता नारायण दास राई
अधिवक्ता नरेश कुमार साह
अधिवक्ता सन्तोष कुमार राउत
अधिवक्ता गुणराज आचार्य
अधिवक्ता रुप बहादुर सारु
अधिवक्ता जीतेन्द्र बहादुर मडै
अधिवक्ता विनिता नेपाली
अधिवक्ता सीता पौड्याल
अधिवक्ता सन्तोष तिवारी


# News24 टेलिभिजनमा प्रशारित अडियो समाचारका सम्बन्धमा नेपाल बार एशोसिएशनद्वारा जारी

## प्रेश विज्ञप्ती

संवैधानिक सर्वोच्चता, विधिको शासन, स्वतन्त्र-निष्पक्ष न्यायपालिका, व्यवसायिक र मर्यादित बार नेपाल बार एशोसिएशनको प्रमुख लक्ष्य हो । त्यसको संरक्षण र सम्वर्द्धनका लागि निरन्तर यस एशोसिएशन क्रियाशील रही आएको छ । न्यायपालिकाको शुद्धिकरण र सुदृढीकरणको निम्ति यस एशोसिएशनले सदैव पहरेदारी गरि आएको सन्दर्भमा काठमाडौं जिल्ला अदालतका मा.न्यायाधीश राजकुमार कोईराला र अधिवक्ता रुद्र प्रसाद पोखेल बीचमा ई. इच्छाराज तामाङलाई धरौटीमा छुटाउनको लागि मोलमोलाई गरिएको अडियो भनी मिति २०७९/०३/०७ गते राती News24 "सिधा कुरा जनतासँग"मा प्रशारित अडियो समाचारका सम्बन्धमा यस नेपाल बार एशोसिएशनको गम्भीर ध्यानाकर्षण भएको छ ।

नागरिकको आस्था र धरोहरको अन्तिम केन्द्रको रुपमा रहेको न्यायपालिकाको साख श्रीबृद्धिमा मुख्य भूमिका निर्वाह गर्ने न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीहरुबाटै यस्ता किसिमका अवाञ्छित, अमर्यादित र अनुचित कार्यहरुको नेपाल बार एशोसिएशन घोर निन्दा गर्दछ । अतः उक्त सार्वजनिक भएको अडियो समाचारका सम्बन्धमा सोको आधिकारिकता र सत्य-तथ्य ब्यहोराको अनुसन्धान तथा छानविन गरी उक्त कार्यमा कोही कसैको संलग्नता रहेको पाईएमा कसुरदारलाई कानूनी दायरामा ल्याउनका लागि यस नेपाल बार एशोसिएशन सम्बन्धित नियमनकारी निकायहरुसँग जोडदार माग गर्दछ ।

अधिवक्ता अन्जिता खनाल
महासचिव